Australian Government

Fair Work OMBUDSMAN

# निष्पक्ष कार्य जानकारी विवरण

रोजगारदाताहरूले यो कागजात नयाँ कामदारहरूलाई जब तिनीहरूले काम सुरु गर्छन् तव अनिवार्य रुपमा दिनै पर्छ

www.fairwork.gov.au/fwis मा हेर्नुहोस्

## तपाईंको भुक्तानी र सर्तहरूको बारेमा महत्त्वपूर्ण जानकारी

कोरोनाभाइरसको प्रभावको समयमा तपाईंले कार्यस्थलमा पाउने सुविधा र तपाईंको दायित्वहरूका बारेमा थप जानकारी पाउन coronavirus.fairwork.gov.au मा हेर्नुहोस्।

**अष्ट्रेलियामा काम गर्ने कर्मचारीहरूको अधिकार र संरक्षणहरू निम्न कुराहरु अन्तर्गत छन्:**

### निष्पक्ष कार्य कानून

- सबै कर्मचारीहरूका लागि न्यूनतम अधिकार
- National Employment Standards संलग्न छन् (राष्ट्रिय रोजगार मापदण्डहरु) ह

### पुरस्कार (दर)

- एक उद्योग वा पेशाको लागि न्यूनतम तलब र सर्तहरू निर्धारण गर्नुहोस्
- अष्ट्रेलियाको प्रायजसो रोजगारदाताहरुलाई संलग्न गर्दछ

### ईन्टरप्राईज संझौताहरु

- विशेष कार्यस्थलको लागि न्यूनतम तलब र सर्तहरू निर्धारण गर्नुहोस्
- वार्तालाप र एक औपचारिक प्रक्रिया मार्फत अनुमोदित

### रोजगारी करारहरु

- हरेक कर्मचारीहरुको लागी अतिरिक्त सर्तहरु प्रदान गर्नुहोस्
- न्यूनतम सुविधाहरु घटाउने वा हटाउने गर्न सक्नुहुनेछैन

तपाईको तलब दर **www.fairwork.gov.au/awards** मा पत्ता लगाउनुहोला। यदि तपाईंको कार्यस्थलको ईन्टरप्राईज सहमती छ छैण **www.fwc.gov.au/agreements** मा हेर्नुहोला।

## क्याज्युल कर्मचारी (**CASUAL EMPLOYEES**)

यदि तपाई क्याज्युल कर्मचारी हो भने तपाईलाई काम शुरू गर्दा क्याज्युल रोजगारी जानकारी विवरण (Casual Employment Information Statement) दिईनु पर्छ। थप जानकारीको लागि **www.fairwork.gov.au/ceis** हेर्नुहोस्।

## भुक्तानी

**तपाईंको न्यूनतम भुक्तानी दरहरू तपाईंको पुरस्कार वा उद्यम सम्झौतामा छन्।** यदि तपाइँको कामको लागि कुनै पुरस्कार वा सम्झौता छैन भने, तपाइँले कम्तिमा राष्ट्रिय न्यूनतम तलब प्राप्त गर्नुपर्नेछ। **तपाईं कम भुक्तानी गर्नकोलागि सहमत हुनु हुन्न।**

न्यूनतम तलब दरहरू सामान्यतया वार्षिक रूपमा अद्यावधिक हुन्छन्।
तपाईले के पाउनुपर्नेछ **www.fairwork.gov.au/minimum-wages** मा पत्तालगाउनुहा।

| | | |
|---|---|---|
| **राष्ट्रिय न्यूनतम तलब**<br>1 जुलाई 2021 देखि | **$20.33/घण्टा**<br>पूर्ण-कालिन वा अर्ध-कालिन | **$25.41/घण्टा**<br>घण्टा क्याज्युल (casual) |

**यो कुनै पुरस्कार वा उद्यम सम्झौता बिनाका कर्मचारीहरूको वयस्कहरुको दर हो।**
कम दरहरू जूनियर, प्रशिक्षुहरू र अशक्तता भएका कर्मचारीहरूमा लागू हुन सक्छ।

तपाईको भुक्तानी, बिदा र अवकासको अधिकारको लागि हाम्रो निशुल्कः क्यालकुलेटर प्रयोग गर्नुहोला
**www.fairwork.gov.au/pact**

## के तपाईलाई थाहा छ?

तपाईं तपाईंको कार्यस्थल जानकारी एक ठाउँमा बचत गर्नका लागि एक नि: शुल्क मेरो खाता (My account) सिर्जना गर्न सक्नुहुनेछ:
**www.fairwork.gov.au/register**

तपाईलाई नयाँ काम सुरू गर्न वा काममा गाह्रो कुराकानी गर्न नि: शुल्क अनलाइन पाठ्यक्रमहरू भेट्टाउन सक्नुहुन्छ, यहाँ जानुहोस्:
**www.fairwork.gov.au/learning**

**The Record My Hours app** मा तपाईले काम गरेको घण्टाहरुको रेकर्ड गर्न छरितो र सजिलो छ।
यो App Store र Google Play मा निशुल्कः उपलब्ध छ।.



अन्तिम पटक अद्यावधिक गरिएको मिति नोभेम्बर 2021

# तपाईंको भुक्तानी र सर्तहरूको बारेमा महत्त्वपूर्ण जानकारी

## ✓ राष्ट्रिय रोजगार मापदण्डहरु (NATIONAL EMPLOYMENT STANDARDS)

यो सम्पूर्ण कामदारहरुकोलागि न्यूनतम मापदण्ड हो। नियम र अपवाद लागु हुनेछ। **तपाईको पुरस्कार(दर) वा करारले पूर्ण विवरणहरु दिन सक्नेछ।** राष्ट्रिय रोजगार विवरण (National Employment Standards)को बारेमा थप जानकारीको लागि **www.fairwork.gov.au/NES** मा हेर्नुहोला।

| | पूर्ण-कालिन वा अर्ध-कालिन कामदारहरु | आकस्मिक कामदारहरु |
|---|---|---|
| **बार्षिक बिदा** | ✓ प्रति बर्ष 4 हप्ता भुक्तानी पाउने बिदा (अर्धकालिन कर्मचारीहरुको लागि सरदर) + 1 हप्ता योग्य सिफ्ट कामदारहरुकोलागि | ✗ |
| **व्यक्तिगत बिदा** (बिरामी वा हेरचाह बिदा) | ✓ प्रति बर्ष 10 दिन भुक्तानी पाउने बिदा (अर्धकालिन कर्मचारीहरुको लागि सरदर) | ✗ |
| **संरक्षक बिदा** | ✓ हरेक अनुमती प्राप्त बेलाको लागि 2 दिन बिना भुक्तानी बिदा (यदि भुक्तानी पाउने व्यक्तीगत बिदा बाँकी नभएमा) | ✓ हरेक अनुमती प्राप्त बेलाको लागि 2 दिन बिना भुक्तानी बिदा |
| **दयालु बिदा** | ✓ हरेक अनुमती प्राप्त बेलाको लागि 2 दिन भुक्तानी बिदा | ✓ हरेक अनुमती प्राप्त बेलाको लागि 2 दिन बिना भुक्तानी बिदा |
| **परिवार र घरायासी झैझगडा बिदा** | ✓ हरेक 12 महिनामा 5 दिन बिना भुक्तानी बिदा | ✓ हरेक 12 महिनामा 5 दिन बिना भुक्तानी बिदा |
| **सामुदायिक सेवा बिदा**<br>• जुरी सेवा<br>• स्वैच्छिक आपतकालिन व्यवस्थापन गतिविधिहरू | ✓ 10 दिनको भुक्तानी सहितको बिदाका साथै नपुग थप भुक्तानी+चाहे जती बेतलबी बिदा<br>✓ कृयाकलापमा सहभागी हुनको लगि चाहे जती बेतलबी बिदा | ✓ चाहे जती बेतलबी बिदा<br>✓ कृयाकलापमा सहभागी हुनको लगि चाहे जती बेतलबी बिदा |
| **लामो सेवा बिदा** | ✓ भुक्तानी पाउने बिदा (राज्य र प्रान्त अनुसार रकम र योग्यताका नियमहरु फरक फरक छन्) | * राज्य र प्रान्त अनुसार फरक फरक छन् |
| **अविभावकिय बिदा**<br>काम शुरु गरेको 12 महिना पछि योग्य हुन्छन् | ✓ 12 महिनाको बिना भुक्तानीको बिदा- रोजगारदाताको सहमती बमोजिम 24 महिना सक्क पनि थप हुनेछ | ✓ 12 महिनाको बिना भुक्तानीको बिदा नियमित र सान्दर्भिक आकस्मिक कामदारहरुको लागि- रोजगारदाताको सहमती बमोजिम 24 महिना सक्क पनि थप हुनेछ |
| **काम गर्ने न्यूनतम घण्टाहरु** | ✓ पूर्णकालिन कामदार –हरेक हप्ता 38 घण्टा + सुहाऊँदो थप घण्टाहरु<br>अर्धकालिन र आकस्मिक कामदारहरु 38 घण्टा वा कामदारको साधारण हप्ताभरको घण्टा(जुनचाँही कम छ) + सुहाऊँदो थप घण्टाहरु | |
| **सार्वजनिक बिदाहरु** | ✓ यदि तपाईं सामान्यतया काम गर्नुहुन्छ भने भुक्तान सहितको बिदा। यदि काम गर्नकोलगी भनियो भने तपाईंले अस्वीकार गर्न सक्नुहुन्छ, यदि त्यसो गर्न उचित छ भने | ✓ बिना भुक्तानीको बिदा। यदि काम गर्नकोलागि भनियो भने तपाईले अश्विकार गर्न सक्नुहुनैछ, यदि त्यसो गर्न सुहाऊँदो छ भने |
| **निस्कासनको सूचना** | ✓ रोजगार र उमेरको आधारमा 1-5 हप्ताको सूचना (वा सूचनाको सट्टामा भुक्तानी गर्ने) | ✗ |
| **अवकासको भुक्तानी**<br>12 महिना पछीको रोजगारकोलागि योग्य हुने | ✓ रोजगारीको अवधीको आधारमा 4 -16 हप्ताको भुक्तानी (केहि अपवाद लागु हुनेछ) | ✗ |
| **क्याज्युल रूपान्तरण** | ✗ | ✓ केहि परिस्थितिहरूमा क्याज्युल कर्मचारीहरू पूर्ण-कालिन वा अर्ध-कालिन कर्मचारी बन्न पाउने अधिकार। |


अन्तिम पटक अद्यावधिक गरिएको मिति नोभेम्बर 2021

# तपाईंको भुक्तानी र सर्तहरूको बारेमा महत्त्वपूर्ण जानकारी

## लचकता

12 महिनाको रोजगार पछि यदि तपाईं 55 वर्ष वा माथीको हुनुहुन्छ, हेरचाहकर्ता, अशक्तत हुनुहुन्छ भने, परिवारका सदस्यबाट हिंसाको अनुभव गर्दै हुनुहुन्छ (वा परिवार वा परिवारका सदस्यलाई समर्थन गर्दै हुनुहुन्छ), वा स्कूल को उमेर वा भन्दा कम उमेरको बच्चाको अभिभावक हुनुहुन्छ, वा हेरचाह गर्ने जिम्मेवारीहरू छन् भने, तपाईं **लचिलो कामको प्रबन्धहरूको** लागि लिखित अनुरोध गर्न सक्नुहुन्छ। यसमा अभिभावक वा बच्चा पाएर फर्केका कर्मचारीहरू बच्चाको हेरचाहको लागि आंशिक समय काम गर्न सक्दछन्।

तपाईको रोजगारदाताले 21 दिन भित्र लिखित रूपमा जवाफ दिनुपर्नेछ। तिनीहरू केवल व्यावहारिक आधारमा मात्र नदिने भन्न सक्दछन्।

तपाईं र तपाईंको रोजगारदाता **एक व्यक्तिगत लचिलोपन व्यवस्था कुराकानी** गर्न सक्नुहुन्छ। यसले तपाइँको पुरस्कार वा उद्यम सम्झौताको केही सर्तहरू तपाइँमा कसरी लागू हुन्छन् भन्ने कुरामा परिवर्तन ल्याउन सक्दछ। एक व्यक्तिगत लचिलोपन व्यवस्था एक वास्तविक विकल्प हुनुपर्दछ - यो रोजगारको अवस्था हुनुहुँदैन - र यसले तपाईंलाई समग्रमा राम्रो गरेको हुनु पर्छ। थप जानकारीको लागि:

**www.fairwork.gov.au/flexibility**

## प्रवेशको अधिकार

एक प्रवेश अनुमतिको साथ युनियन अधिकारीहरु उनीहरुको प्रतिनिधित्व को हकदार ले कामदारहरु संग कुरा गर्न, वा संदिग्ध सुरक्षा मुद्दाहरु वा कार्यस्थल कानून को उल्लंघन को अनुसन्धान गर्न कार्यस्थल प्रवेश गर्न सक्छन्।

तिनीहरूले निश्चित आवश्यकताहरूको पालना गर्नै पर्दछ, जस्तै रोजगारदातालाई सूचित गर्दै, र केही कागजातहरू निरीक्षण वा प्रतिलिपि गर्न सक्दछन्। अनुमति धारकहरुलाई , तिनीहरूको संगठन र तपाइँको रोजगारदातालाई कडा गोपनीयता नियमहरू लागु हुनेछ। थप जानकाररो लागि:

**www.fwc.gov.au/entry-permits**

## संझौता गर्ने

उद्यम सम्झौताहरू एक नियोक्ता, उनीहरूका कामदारहरू र कुनै पनि कर्मचारी प्रतिनिधिहरू (उदारहणकोलागि, एउटा युनियन) का बीचमा सम्झौता गरिन्छ। यस प्रक्रियालाई 'मोलतोल' भनिन्छ र निश्चित नियमहरू पालना गर्नुपर्दछ। निष्पक्ष कार्य आयोगले सम्झौताहरूको जाँच गर्छ र अनुमोदन गर्छ। एक सम्झौता बनाउन, फरवदल गर्न, वा सम्झौता समाप्त गर्ने बारे जानकारीको लागि यसमा हेर्नुहोलाः

**www.fwc.gov.au/agreements**

## काममा संरक्षण

**सबै कर्मचारीहरूको काममा सुरक्षा हुन्छ।** तपाईलाई कार्यस्थलको अधिकार प्रयोग गरो आधारमा फरक वा नराम्रो व्यवहार गर्न सकिदैन, उदाहरणका लागि लचिलो कामको प्रबन्धको लागि अनुरोध गर्ने, छुट्टी लिने वा गुनासो गर्ने वा तपाईको रोजगारको बारेमा सोधपुछ गर्ने अधिकार।

तपाईंसँग संघ(यूनियन)मा सामिल हुने वा नहुने रोज्ने, र कानुनी औद्योगिक गतिविधिमा भाग लिने वा नलिने छनौट गर्ने अधिकार छ।

तपाई बिरामी वा चोटपटकको कारण तथा भेदभाव, दुर्व्यवहार (डाडागिरी) र उत्पीडन, लैंगिक उत्पीडन, जबरजस्ती, गलत ब्यबहार, ठगी सम्झौता, र अनुचित प्रभाव वा दबाब का कारण अस्थायी रूपमा अनुपस्थित हुँदा पनि तपाईलाई सुरक्षा उपलब्ध छ। . थप जानकारीको लागि

**www.fairwork.gov.au/protections**
**www.fairwork.gov.au/bullying-harassment**

## रोजगारीको समाप्ती

जब तपाईंको रोजगार समाप्त हुन्छ, तपाईंको अन्तिम तलबमा सबै **बाँकी अधिकारहरू** समावेश हुनुपर्छ, जस्तै तलब र प्रयोग नगरिएको वार्षिक बिदा र लामो सेवा बिदा।

तपाईं **अवकासको सूचनाको** हकदार हुन सक्नुहुनेछ, वा सूचनाको सट्टामा भुक्तान गर्न सक्नुहुने। यदि तपाईं गम्भीर दुराचारको लागि अवकास हुनुभयो भने, तपाईंले सूचना पाउन योग्य हुनुहुन्न। यदि तपाईंले राजीनामा गर्नुभयो भने तपाईंले आफ्नो रोजगारदातालाई सूचना दिनुपर्नेछ। यदि सूचना दिन आवश्यक छ छैन र तपाईंको अन्तिम तलबमा के हुनुपर्छ भनेर जाँच गर्न यसमा हेर्नुहोलाः

**www.fairwork.gov.au/ending-employment**

यदि तपाईंलाई **तपाईंको बर्खास्त** अनुचित वा **गैरकानूनी हो भनेर सोच्नुहुन्छ भने**, तपाईंसँग निष्पक्ष कार्य आयोगमा दावी गर्न **21 पात्रो दिनहरू** हुनेछन्। नियम र अपवाद लागू हुन्छ। थप जानकारीको लागि:

**www.fwc.gov.au**

## व्यवशाय को हस्तान्तरण

यदि व्यापारको स्थानान्तरण भयो भने, तपाईंको पुरानो रोजगारदाता संग तपाइँको रोजगार समाप्त हुन्छ। यदि तपाईं नयाँ रोजगारदाताद्वारा तीन महिना भित्र काम गरिरहनु भएको छ उही (वा उस्तै) काम गर्नका लागि, तपाइँको अधिकारहरूको नयाँ रोजगारदातालाई सर्न सक्छ। उदाहरणका लागि ब्यापार बेचेको छ वा काम आउटसोर्स गरिएको छ भने यो हुन सक्दछ। थप जानकाररो लागि:

**www.fairwork.gov.au/transfer-of-business**

## कसले मद्दत र्न सक्दछ?

### FAIR WORK OMBUDSMAN (फेयरवर्कक अमबडजमन)

- भुक्तान र हकदारताको बारेमा जानकारी र सल्लाह
- नि: शुल्क क्यालकुलेटरहरू, टेम्पलेटहरू र अनलाइन पाठ्यक्रमहरू
- कार्यस्थलका मुद्दाहरूको समाधान गर्न मद्दत गर्ने
- कार्यस्थल कानूनको उल्लंङघनको छानबिन र लागू गर्दछ।

**www.fairwork.gov.au - 13 13 94**

### FAIR WORK COMMISSION (फेयर वर्क कमिसन)

- काममा अनुचित बर्खास्त तथा गैरकानूनी बर्खास्ती, दुर्व्यवहार (दादागिरी), लैंगिक उत्पीडन, भेदभाव वा 'प्रतिकूल कार्य' को दावीहरू हेर्ने
- उद्यम सम्झौताहरूलाई अनुमोदन, भिन्न र समाप्त गर्ने
- प्रवेश अनुमति प्रदान गर्ने र औद्योगिक विवादहरूको समाधान गर्ने।

**www.fwc.gov.au - 1300 799 675**

यदि तपाईं वाणिज्य निर्माण उद्योगमा काम गर्नुहुन्छ भने अष्ट्रेलियाली भवन र निर्माण आयोग (Australian Building and Construction Commission)ले मद्दत गर्न सक्दछ।
**www.abcc.gov.au - 1800 003 338**



अन्तिम पटक अद्यावधिक गरिएको मिति नोभेम्बर 2021